पोखरा विश्वविद्यालय
परीक्षा नियन्त्रण कार्यालय

# परीक्षार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता

पोखरा विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयबाट सञ्चालन हुने परीक्षामा सम्मिलित हुने परीक्षार्थीहरुले पालना गर्नुपर्ने आचारसंहिता देहायबमोजिम रहेको छ :

१. परीक्षार्थीले प्रवेश-पत्रको पछाडी भागमा उल्लेख गरिएका निर्देशनहरु पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

२. परीक्षार्थीले परीक्षा अवधिभर प्रवेश-पत्र अनिवार्य रुपमा आफैसँग राख्नुपर्नेछ ।

३. परीक्षार्थीले Mobile, Smart Watch, Programmable Calculators, Personal computer Digital Camera, Electronic Equipments, Unapproved codes / charts / logbooks / tables /graphs तथा अन्य विद्युतीय सामग्री (Electronic Gadgets) हरु परीक्षा हलमा लैजान पाउनेछैन । यदि उक्त निषेधित सामग्रीहरु परीक्षा हलमा लिएको भेटिएमा परीक्षा केन्द्रले जफत गरी उक्त दिनको वा सम्बन्धित सेमेष्टरको परीक्षा रद्द गरिनेछ ।

४. परीक्षार्थीले मूल उत्तरपुस्तिकाको अग्रभागमा उल्लेख गरिएका सम्पूर्ण निर्देशनहरु पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

५. परीक्षार्थीहरु परीक्षा केन्द्रले तयार गरेको सिट प्लानिङ्ग अनुसारको सिटमा बसेर परीक्षा दिनुपर्नेछ ।

६. परीक्षार्थीले परीक्षा हाताभित्र अरु कसैलाई ल्याउन पाइनेछैन ।

७. परीक्षार्थीले परीक्षा फाराममा उल्लेख गरेका विषयहरु बाहेक अन्य विषयको परीक्षा दिन पाइनेछैन । यदि दिएको पाइएमा स्वतः रद्द हुनेछ ।

८. परीक्षार्थीले प्रश्नपत्र लिंदा आफ्नो कार्यक्रम/विषयको हो/होइन एवम् Old Course/New Course समेत एकिन गरेर मात्र लिनुपर्नेछ अन्यथा भई रद्द हुन गएमा परीक्षार्थी स्वयम् जिम्मेवार हुनेछ ।

९. परीक्षार्थीले उत्तरपुस्तिका, थप उत्तरपुस्तिका तथा ग्राफ पेपरमा तोकिएको विवरण तोकिएको स्थानमा बाहेक अन्य स्थानमा आफ्नो परिचय खुल्ने जस्तैः नाम, रोल नं. उत्तरपुस्तिका नं वा अन्य कुनै किसिमका चिन्हहरु लेख्न पाउनेछैन । यदि यसो गरेको पाइएमा उक्त उत्तरपुस्तिका रद्द गरिनेछ ।

१०. परीक्षार्थीले केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, पर्यवेक्षक र निरीक्षकको निर्देशन पूर्ण रुपले पालना गर्नुपर्नेछ ।

११. परीक्षार्थीले परीक्षा हल छोड्नु भन्दा अगाडि आफ्नो उत्तरपुस्तिका सम्बन्धित निरीक्षकलाई अनिवार्य रुपमा बुझाउनुपर्नेछ ।

१२. परीक्षार्थीले परीक्षा प्रारम्भ भएको एक घण्टा भन्दा अगाडि परीक्षा हल छोड्न पाउने छैन । यदि स्वास्थ्य सम्बन्धी समस्या आई वा अन्य आपतकालिन अवस्था आइपरेमा परीक्षार्थीले केन्द्राध्यक्ष र निरीक्षकको अनुमति लिई परीक्षा हल छोड्न सक्नेछ । तर त्यसरी परीक्षा हल छोडेर जानुपर्ने अवस्थामा प्रश्न-पत्र तथा उत्तरपुस्तिका परीक्षार्थीले लैजान पाउनेछैन ।

१३. परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका बुझाइसकेपछि परीक्षा परिसर छोड्नुपर्नेछ ।

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS
POKHARA UNIVERSITY

१४. कुनै किसिमका शारीरिक अपाङ्गता भएका वा दुर्घटनाका कारण आफैले लेख्न नसक्ने अवस्थाका परीक्षार्थीले यथेष्ट प्रमाण सहित सम्बन्धित स्कूल/कलेजमार्फत परीक्षा शुरु हुनु भन्दा १ हप्ता अगाडि नै परीक्षा नियन्त्रण कार्यालयमा निवेदन दिनुपर्नेछ । परीक्षा नियन्त्रण कार्यालयले एक तह मुनि (फरक सङ्कायको) वा +२ अध्ययनरत वा चालु वर्षमा +२ उत्तीर्ण विद्यार्थीहरुलाई लेखन सहयोगीको रुपमा अनुमति दिन सक्नेछ ।

१५. परीक्षार्थीले तोकिएको भाषा वा माध्यममा मात्र उत्तर लेख्न पाइनेछ ।

१६. परीक्षा सञ्चालन कार्यमा खटिएका कुनै पनि व्यक्ति उपर परीक्षार्थीले अभद्र व्यवहार, हुल हुज्जत, धाक धम्की तथा हातपात गर्न पाइने छैन । कुनै परीक्षाथीले त्यस किसिमको अभद्र व्यवहार गरेमा त्यसको प्रकृति हेरी परीक्षा केन्द्रको सिफारिसमा परीक्षा समितिबाट सम्बन्धित विषय वा सबै विषयको परीक्षा रद्द गर्नुको साथै सम्बन्धित विषय/कार्यक्रम, कलेज तथा विश्वविद्यालयको रजिष्ट्रेशन समेत खारेज गरी आवश्यक कानूनी कारवाही गर्न सकिनेछ ।

१७. परीक्षार्थीले व्यक्तिगत वा सामूहिक रुपमा आफ्नो वा अरुको परीक्षा विथोल्ने जस्ता कार्य गर्न पाउनेछैन । यदि त्यस्तो कार्य गरेको पाइएमा निजको परीक्षा रद्द गरी आवश्यक कानूनी कारवाही समेत गर्न सकिनेछ ।

१८. नक्कली परीक्षार्थी खडा गरी परीक्षा दिएको पाइएमा परीक्षा दिने र दिन लगाउने दुवैको विश्वविद्यालय रजिष्ट्रेशन खारेज गरी आवश्यक कानूनी कारवाही गरिनेछ ।

१९. कुनै कारणवश प्रवेश-पत्र उपलब्ध हुन नसकेमा वा छुट हुन गएमा वा हराएमा सम्बन्धित परीक्षा केन्द्रको केन्द्राध्यक्षबाट प्रमाणित प्रवेश-पत्र लिई परीक्षामा सामेल हुनुपर्नेछ ।

OFFICE OF THE CONTROLLER OF EXAMINATIONS
POKHARA UNIVERSITY